नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
मकवानपुर

आज मिति २०७८/०७/२९ गतेका दिन मकवानपुर जिल्लाका प्रमुख जिल्ला अधिकारी श्री भरत मणी पाण्डेज्यूको संयोजकत्वमा सुशासन (व्यवस्थापन तथा सञ्चालन) नियमावली, २०६५ को नियम २८ बमोजिम निम्न पदाधिकारीहरूको समुपस्थितिमा जिल्लास्तरीय अनुगमन तथा मूल्याङ्कन समितिको बैठक बसी देहाय बमोजिमको निर्णय गरियो ।

**उपस्थितिः-**

| | | | |
|---|---|---|---|
| प्रमुख जिल्ला अधिकारी | श्री भरत मणी पाण्डे | -संयोजक | जिल्ला प्रशासन कार्यालय |
| प्रमुख प्रशासकीय अधिकृत | श्री शिवराज चौलागाई | -सदस्य | हेटौडा उ.म.न.पा. |
| जिल्ला समन्वय अधिकारी | श्री आनन्दराज पोखरेल | -सदस्य | जिल्ला समन्वय समिति |
| अध्यक्ष | श्री वासु खतिवडा | -सदस्य | उपभोक्ता हित संरक्षण मञ्च |
| सहायक प्रमुख जिल्ला अधिकारी | श्री बाबुराम अर्याल | -सदस्य-सचिव | जिल्ला प्रशासन कार्यालय |

**आमन्त्रितः-**

प्रशासकीय अधिकृत श्री गुणराज प्रसाद न्यौपाने, जिल्ला प्रशासन कार्यालय, मकवानपुर

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
मकवानपुर

**निर्णयहरू:-**

१. जिल्लास्थित सरकारी सेवा प्रदायक निकायहरूबाट प्रदान भइरहेको सेवाका सम्बन्धमा समीक्षा गर्दा सेवा प्रवाह तथा काम कारबाहीको अवस्था सन्तोषजनक रहेको पाइयो ।

२. कार्यालयमा सेवा लिन आउने शारीरिक रूपले अशक्त, फरक क्षमता भएका व्यक्ति, ज्येष्ठ नागरिक, गर्भवती महिला लगायतका सेवाग्राहीहरूलाई प्राथमिकता दिई नागरिक सहायता कक्ष मार्फत सेवा सहजीकरण गर्ने सम्बन्धमा सेवाग्राहीहरूको चाप हुने कार्यालयहरूलय यथाशीघ्र नागरिक सहायता कक्ष स्थापना गरी सेवा सहजीकरणको अनिवार्य व्यवस्था मिलाउने र सोको जानकारी जिल्ला प्रशासन कार्यालय, मकवानपुरलाई गराउने ।

३. कार्यालयमा सेवा लिन आउने क्रममा सेवाग्राहीहरूले लिएर आएका सवारी साधनहरूको व्यवस्थित पार्किङको व्यवस्था सम्बन्धित कार्यालयहरूले यथाशीघ्र अनिवार्य रूपमा गर्ने ।

४. सबै कार्यालयहरूले जिन्सी निरीक्षण गरी पुराना पुनः प्रयोगमा नआउने सामग्रीहरू लिलाम गर्ने कार्य १ महिनाभित्र गर्ने ।

५. सबै कार्यालयहरूले आ-आफ्नो कार्यालयको सरसफाई एवं सौन्दर्यिकरणमा विशेष ध्यान दिने ।

६. कार्यालय परिसरभित्र रहेको चमेना गृहमा अनिवार्यरूपमा मूल्यसूची राख्न लगाउने, सरसफाईको सम्बन्धमा कार्यालय प्रमुखले नियमित रूपमा निरीक्षण गर्ने र चमेना गृहबाट स्वस्थ एवं स्वच्छ खाद्यवस्तु विक्री वितरणको सुनिश्चितता गर्ने ।

७. जिल्लास्थित सरकारी सेवा प्रदायक निकायहरूको काम कारबाही एवं निर्णय नं. २, ३, ४, ५ र ६ कार्यालयहरूद्वारा कार्यान्वयन भए, नभएको सम्बन्धमा अनुगमन गर्न जिल्ला प्रशासन कार्यालय, मकवानपुरका सहायक प्रमुख जिल्ला अधिकारी श्री बाबुराम अर्यालको नेतृत्वमा देहायबमोजिमको एक उपसिमित गठन गर्ने र सो उपसमितिले सुशासन (व्यवस्थापन तथा सञ्चालन) नियमावली, २०६५ को अनुसूची-५ को ढाँचामा नियमित र आकस्मिक अनुगमन गरी समिति समक्ष प्रतिवेदन पेश गर्ने ।

| | | |
|---|---|---|
| सहायक प्रमुख जिल्ला अधिकारी | श्री बाबुराम अर्याल | जिल्ला प्रशासन कार्यालय, मकवानपुर |
| जिल्ला समन्वय अधिकारी | श्री आनन्दराज पोखरेल | जिल्ला समन्वय समितिको कार्यालय, मकवानपुर |
| अध्यक्ष | श्री वासु खतिवडा | उपभोक्ता हित संरक्षण मञ्च |

भरत मणी पाण्डे
प्रमुख जिल्ला अधिकारी